# सुदूरपश्चिमाञ्चलमा पत्रकारिता

डा. देवीप्रसाद ओझा

वि.सं. १९४३ मा पहिलोपल्ट नेपाली भाषामा पत्रिका प्रकाशन गरी पत्रकारिताको इतिहासको थालनी भएको थियो। तर इतिहासले विकेन्द्रकृत र विस्तारित भई व्यापक क्षेत्रको साझेदारीमूलक सहभागिता नपाउनु यस क्षेत्रको निराशाजनक अध्याय थियो। यसैकारणले गर्दा मोफसलमा पत्रकारिताको क्षेत्र विकसित हुने सम्भावनाहरू क्रमशः क्षीण र निरूत्साहित भए। फलस्वरूप यस पेसामा सीमित क्षेत्रको सहभागिता रहिरहने प्रक्रियामा लगभग ७० वर्षसम्म कुनै सुधार हुन पाएन।

यससन्दर्भमा काठमाडौंभन्दा वाहिर पत्रकारिताको विस्तार नभएको प्रमुख उदाहरण वीरगञ्ज र विराटनगरजस्ता सहरहरू हुन्। मोफसलका वाँकी भागभन्दा अपेक्षाकृत वढी चेतनशील र सुविधासम्पन्न स्थानहरूवाट २०१७ सालसम्म पनि फाटफुट पत्रिका मात्र प्रकाशन भइरहने यथार्थलाई यही रूपमा मान्नुपर्ने हुन्छ। २०१७ सालपछि वहुसङ्ख्यक तथा अनेक तहमा विभाजित पञ्चायती संस्थाहरूको राजनीतिक भूमिकालाई प्रभावशाली वनाउने तथा पञ्चायती व्यवस्थाको प्रचार गर्ने सामग्री प्रकाशित गर्ने उद्देश्यले पत्रपत्रिकाहरूको प्रकाशन हुने संस्थागत प्रयासहरू अधिराज्यव्यापी रूपमा कार्यान्वयन हुनथालेका हुन्। पछि मोफसलमा पनि पत्रकारिताको प्रारम्भिक परिचय प्राप्त हुने परम्परा स्थानीय तहमा नै विकसित हुनथालेको थियो। यसरी वीरगञ्जवाट २००५ सालमा वलभद्र शर्मा, सुरेन्द्रराज शर्मा तथा श्यामप्रसाद शर्माको नामले दर्ता भएपनि २००८ सालमा श्यामप्रसाद शर्माले *सेवा* पत्रिका प्रकाशित गरी मोफसलवाट पत्रिका प्रकाशित गर्ने पहिलो इतिहासको रचना गरे। यसको लगभग १९-२० वर्षपछि मात्र अधिराज्यका धेरैजसो स्थानहरूवाट पत्रपत्रिका निस्कने वातावरण वन्न गएको कुरालाई मोफसलको पत्रकारिताको इतिहासमा महत्त्वपूर्ण अध्याय मान्नु पर्छ।

सुदूरपश्चिमको सन्दर्भमा दार्चुला, धनगढी र वैतडीवाट क्रमशः *हिमालय*, *सेती सन्देश* र *महाकाली* पत्रिकाहरूको प्रकाशन तत्कालीन पञ्चायती संस्थाहरूवाट प्रारम्भ गरिएपछि पत्रकारिताको स्थानीय परम्पराहरूको थालनी भएको हो। यसरी नेपाली पत्रकारिताले काठमाडौंभन्दा वाहिर आफ्नो प्रभाव क्षेत्र र कर्मक्षेत्र विस्तार गर्नलाई लगभग ७५-८० वर्षसम्म पर्खनुपरेको तथ्यलाई स्वीकार्नुपर्छ। यो ऐतिहासिक तथ्यले समाजका अन्य क्षेत्रमा पनि समानुपातिक विकास नभएको भन्ने कहाली लाग्दो यथार्थलाई प्रमाणित पनि गरेको छ। देशको कुनै एक भागमा मात्रै सवै कुरा सीमित रहने यस्तो परम्परा विश्वको कुनै अन्य राष्ट्रमा छ वा छैन यस कुरालाई किटान गर्न नसकिए पनि नेपाली पत्रकारिताको मामिलामा भने २०१५ सालमा तयार गरिएको प्रेस कमिसनको रिपोर्टमा जिल्ला-जिल्लाको पत्रकारिताको स्थितिसम्वन्धी प्रतिवेदनले नेपाली पत्रकारिता काठमाडौंवाट वाहिर निस्कन नसकेको कुरा प्रमाणित गर्दछ।

स्मरणीय के छ भने यस प्रतिवेदनले मोफसलमा कुनै पनि पत्रिकाहरू प्रकाशित नभएको कुरातर्फ नेपाली पत्रकारिता जगत्को ध्यान आकृष्ट गराएको थियो। वि.सं. २०३८ मा गठित शाही प्रेस कमिसनले पनि नेपाली पत्रकारिताको विकासमा वाधक रहेका अनेकौं कारक तत्त्व र समस्याहरूको पहिचान गर्दा यस तथ्यतर्फ प्रमुख रूपले ध्यान केन्द्रित गरी यसलाई समस्याको रूपमा धेरैले औंल्याएको पाइन्छ। यसरी के भन्न सकिन्छ भने राणा शासनकालमा मुलुकी ऐन पाँचौं भाग अदलको ऐन -छापाखाना प्रकाशन ऐन २००५- ले लगाएका अनेक कानुनी प्रतिवन्धहरूले अवरूद्ध पार्दै आएको थियो। नेपाली पत्रकारिताको यो स्थितिलाई २००७ सालपछिको प्रजातान्त्रिक वातावरणले दिएको प्रेस स्वतन्त्रताले पनि व्यापक सुधार गर्न सकेको थिएन। प्राप्त भएको प्रेस स्वतन्त्रताको उपभोग मुलुकको एक भागले मात्रै गर्ने परम्पराको विकास यसवीच भइदियो। विकासको यही परम्पराले मोफसलको पत्रकारिता जगत्ले प्रजातन्त्र प्राप्तिपछि पनि निरुत्साहित भइरहनुपर्ने यथार्थको खोजी गर्दा यसको पछाडि उक्त तथ्यकै महत्त्वपूर्ण हात रहेको स्वीकार्य हुने अनेक आधारहरू पाइन्छन्।

## विकास र स्थिति

आधुनिक नेपाल राज्य निर्माणको प्रारम्भिक कालदेखि नै काठमाडौंसँग प्रशासनिक र न्यायिक सम्पर्कवाहेक अरू कुनै पनि राष्ट्रिय साधनस्रोतहरूको वितरणमा सुदूरपश्चिमको सहभागिता थिएन। विकासका गतिविधिहरूमा समान सहभागिता प्राप्त गर्ने अवसरवाट यो क्षेत्र वञ्चित रहँदै आएको छ। त्यसैले सुदूरपश्चिमको नियमित इतिहास केही हदसम्म आज पनि उही पुरानै यथास्थितिको पीडाले ग्रसित छ। त्यसैकारण यहाँको समाजलाई परिवर्तन गरिनुपर्ने सोचाइलाई मूर्तरूप दिने काममा लागेको चेतनशील वर्गले काठमाडौंवाट कुनै सहयोग प्राप्त गरेनन्। फलस्वरूप भारतीय भूमिमा हुने गरेका विकास र चेतनाका घटनाहरूवारे वाध्यतावश सहभागिता राख्नुपरेको र प्रोत्साहित भई अनुकरण गर्नुपरेको यथार्थ विद्यमान थियो। त्यसैले पत्रकारिताको प्रारम्भिक परिचय पनि भारतीय पत्रपत्रिकाहरूको पठनपाठनवाट पाएको देखिन्छ। यसैसन्दर्भमा यस क्षेत्रको चेतनशील भन्न सकिने सीमित केही व्यक्तिहरूले *गोरखापत्र*का माध्यमवाट नेपाली पत्रकारिताको स्वरूप, महत्त्व र स्वभावको सामान्य परिचय समाजलाई दिने गरेको कुरा पनि उल्लेखनीय मान्नुपर्दछ। *गोरखापत्र*को सरकारी सूचनामूलक स्वरूपले यहाँको समाजमा पत्रकारिताको महत्त्व स्थापित गर्न सफलता प्राप्त गरेको कुरा पनि स्वाभाविक हुनआउँछ। यसरी पत्रकारिताको विकासको लागि मात्रै *गोरखापत्र*ले आफ्नो महत्त्व र लोकप्रियता प्राप्त नगरेको देखिने भए पनि पत्रकारिताको विकास गर्ने पहिलो चरण स्थापना गर्नमा भने महत्त्वपूर्ण योगदान दिएको कुरालाई सुदूरपश्चिमको सन्दर्भमा अस्वीकार गर्न मिल्दैन।

पहिलो विश्वयुद्धताका र त्यसपछिका दिनहरूमा यहाँको जनजीवनभित्र प्रवेश गरेका शैक्षिक, आर्थिक र सामाजिक क्षेत्रका अनेक परिवर्तनकारी तत्त्वहरू भारतीय भूमिवाट प्रभावित भई विकसित र स्थापित भएको कुराले पनि यसमा आफ्नो

विशिष्ट स्थान राख्दछ। यसैकारणले यतातिरको जनजीवनले धर्म, अर्थ र शिक्षाको क्षेत्रमा जुन पनि नयाँ विचार, व्यवहार र परम्पराहरू विकसित गर्ने मौका पायो त्यसमा भारतीय चेतनाको प्रभाव रहेको पाइन्छ। यस्ता विविध विचारहरूले जनजागरण र सांस्कृतिक चेतनाको विकास गर्ने काममा महत्त्वपूर्ण योगदान दिने गरेको प्रतिफलले वि.सं. १९८३ पछि ठोस रूपमा देखिने प्रक्रिया प्रारम्भ गरेको थियो। यहाँको समाजमा नयाँनयाँ वौद्धिक र सांस्कृतिक क्रियाकलापहरू स्पष्ट रूपमा देखिन थालिएको यस समयदेखि पत्रपत्रिकाहरू पढ्ने, झिकाउने, सङ्कलन गर्ने अभ्यासको थालनी भयो। ज्ञानको क्षेत्रमा विश्वभरिमा भैरहने गरेका नयाँनयाँ घटनाहरूसँग परिचय पाउने एक वर्गले सीमित रूपमा भएपनि आफ्नो प्रभावक्षेत्र विस्तार गर्दै जानुलाई यसकालको विशेषता मानिन्छ।

धार्मिक दृष्टिकोण राखी मेरठको *सङ्कीर्तन* र गोरखपुरको *कल्याण*, साहित्यिक दृष्टिकोणले इलाहावादको *चाँद*, कलाको दृष्टिकोणले हाथरसको *सङ्गति* र राजनीतिक दृष्टिकोणले पटनाको *जनता*, कलकत्ताको *विश्वमित्र* तथा अल्मोडाको *शक्ति* जस्ता हिन्दी पत्रपत्रिकाहरूले यहाँको समाजमा प्रवेश गर्ने मौका पाएपछि यसले पत्रकारिताको पृष्ठभूमि र वैचारिक धरातल खडा गऱ्यो। त्यतिवेलाको अनुदारवादी शासन व्यवस्था यहाँको भौगोलिक विकटता, चेतना, शिक्षा र आर्थिक स्थिति जस्ता पक्षमा देखिएका दयनीय अवस्था आदि सवै परिस्थितिहरूलाई ध्यानमा राखेको खण्डमा यी वाहेकका अरू गतिविधिहरू पत्रकारिताको क्षेत्रमा हुनसक्ने आशा पनि राख्न सकिँदैन थियो।

भारतका नेपालीहरूको वाहुल्यता भएको स्थानहरूवाट हुने गरेका नेपाली पत्रपत्रिकाको विकास प्रक्रियासँग यतातिरको केही सम्पर्क स्थापित हुन नसक्नुले पनि यो स्थितिलाई यथावत राख्नमा मद्दत दिएको थियो। जेहोस्, यतिवेला यस क्षेत्रमा पहिलो चरणका पत्रपत्रिका विकासको यात्रालाई अगाडि वढाउनमा भने अमर शहीद दशरथ चन्दले *जनता* पत्रिकामा लेख्ने गरेको राजनीतिक पक्षले मानवतावादी राजा जयपृथ्वीवहादुर सिंहको लेखन र पाठ्यपुस्तक शिक्षा प्रसार *गोरखापत्र* तथा साहित्यकार पहलमानसिंह स्वाँरका साहित्यिक कृतिहरूको निरन्तर प्रकाशनले महत्त्वपूर्ण भूमिका खेलेको थियो। त्यही कारण पहिलो चरणको पत्रकारिताको विकासका घटनालाई अति महत्त्वपूर्ण मान्नुपर्ने कुरामा दुईमत देखिँदैन। यतिवेला यहाँको समाजमा धार्मिक र शैक्षिक जागरणका नयाँनयाँ प्रवृत्तिहरूको प्रवेश भइरहने क्रममा भाषा पाठशालाहरूको पढाइ, पुराण, कथावाचनको सार्वजनिक आयोजना, कीर्तनमण्डलीहरूको स्थापना, रामलीला नाटकहरूको खुलामञ्चन र समाज सुधारका कार्यक्रमहरू जस्ता अनेक गतिविधिहरूले पनि जनतामा वहुपक्षीय चेतना जगाउने अभियानलाई धेरै मद्दत पुगेको थियो। भारतीय भूमिमा भइरहेका राजनीतिक, धार्मिक र आर्थिक गतिविधिहरूको प्रभाव पनि कुमाउवाट भएर केही अंशमा यहाँ प्रवेश हुन्थ्यो। काठमाडौंसँग यतिवेला यस क्षेत्रका राजघरानाहरूसँग वैवाहिक सम्वन्ध कायम भएका कारणले पनि सम्पर्कमा वृद्धि हुनाका साथै चेतनाको क्षेत्र अलि फराकिलो हुँदैगएको देखिन्छ। यी सवै गतिविधिहरूले पत्रकारिताको क्षेत्रलाई पनि निश्चित

रूपमा समेटिसकेको कुरा यहाँका धेरै मानिसहरूले लोकप्रिय नेपाली पुस्तकहरू र काठमाडौंको *गोरखापत्र*लाई आफ्नो निजी नाममा मगाई पढ्ने परम्परा सुदृढ र व्यापक हुँदै गएबाट देखिने गर्दथ्यो। भारतीय पत्रपत्रिकाहरूको पहुँचले यसमा क्रमशः वृद्धि गर्दै लागेको हुँदा २००७ सालको परिवर्तनको ढोकासम्म पुग्दा यो वातावरणले पत्रकारिताको विकासमा ठोस जग हाल्ने कामसम्म गर्नसकेको देखिन्छ। भारतमा गई पढ्ने विद्यार्थीहरूले पनि यसमा महत्त्वपूर्ण भूमिका खेलेका थिए।

पत्रकारिताको विकासको दोस्रो चरणको प्रारम्भ गर्नुमा २००७ सालपछि देखापरेको प्रजातान्त्रिक वातावरणमा द्रुत गतिकासाथ विस्तारित भएको शिक्षा प्रसार महत्त्वपूर्ण रह्यो। देशमा देखा परेका राजनीतिक दल, सङ्घसंस्था तथा शैक्षिक संस्थाहरूका घोषणापत्र, मुखपत्र, पर्चा, सूचना, विधानहरूका साथसाथै स्कूलहरूमा पढाइने पाठ्यपुस्तक र लेखन सामग्रीहरूको पहुँच व्यापक रूपमा जनताको घरदैलो, कुनाकाप्चासम्म पुग्ने गरेकाले पनि पत्रकारिताको दोस्रो चरणलाई विकसित गरी निरन्तरता प्रदान गऱ्यो। यस निरन्तरताको कार्यमा साहित्य, भाषा, र कलाप्रति रूचि राख्ने वातावरण पनि समाजभित्र जन्मिसकेको हुँदा यतातिरका साहित्यिक प्रतिभाका रचनाहरू काठमाडौं र भारतबाट प्रकाशित विभिन्न नेपाली पत्रपत्रिकाहरूमा हुन्थ्यो। बहुमुखी प्रतिभाका धनी डडेल्धुराका स्व. एन. डी. प्रकाश चटौतका साथै डोटीका शिवराज पन्त तथा बैतडीका आनन्देव भट्ट, देवीप्रसाद ओझा, आत्माराम ओझालाई यस परम्पराका प्रमुख व्यक्तित्व मान्ने गरिन्छ।

२०१७ सालसम्म आइपुग्दा विभिन्न विषयका मुद्रित सामग्री, पत्रपत्रिका, पुस्तक, उपन्यास, काव्य र अन्य पाठ्यसामग्रीहरूलाई पढ्ने र पढाउने कुरा समाजमा सामान्यस्तरसम्म पनि पुग्यो जसलाई यस समयको प्रमुख उपलब्धि मानिन्छ। २०१७ सालपछि राजनीतिक उद्देश्य पूर्तिका लागि र पञ्चायती व्यवस्थाको प्रचारप्रसारको लागि प्रकाशित हुने गरेका विविध विषयका अनेकौं मुद्रित सामग्रीहरूको उपलब्धता गाउँघरमा हुन लागेकाले पनि पत्रकारिताप्रति जनरुचि जागृत भयो। फलस्वरूप केही योग्य व्यक्तिहरूलाई यसमा संलग्न हुनेसमेत अवसर प्रदान भयो। पत्रकारितको विकासमा यो एउटा अर्को महत्त्वपूर्ण मोड थियो। यस सन्दर्भमा तत्कालीन अञ्चल पञ्चायतहरूले सरकारी अनुदानबाट आफ्नै प्रेस स्थापना गरी पत्रिका प्रकाशित गर्ने व्यवस्था गर्नुले पनि यसमा धेरै सहयोग पुऱ्याएको थियो। यसपछि मात्रै पत्रकारिताको विकासमा यस क्षेत्रको पनि प्रत्यक्ष र सक्रिय सहभागिताले पत्रकारिताको नयाँ इतिहास प्रारम्भ गरेको देखिन्छ। आश्विन २०२२ सालमा देवीप्रसाद ओझाको सम्पादनमा दार्चुलाबाट *हिमालय* पत्रिका, २०३३ आश्विनमा बैतडीबाट हरिकृष्ण भट्टको सम्पादनमा *महाकाली* पत्रिका तथा २०२३ वैशाखमा श्यामसुन्दर श्रेष्ठको सम्पादनमा धनगढीबाट *सेती सन्देश* पत्रिकाका प्रकाशन हुनुलाई सुदूरपश्चिमको पत्रकारिताको इतिहासमा भएको पहिलो ऐतिहासिक प्रारम्भ मानिने गरिन्छ। यसबीच स्थानीय स्कूलहरूका आ–आफ्ना वार्षिक मुखपत्रहरू पत्रिकाका रूपमा प्रकाशित गर्ने परम्परा पनि प्रारम्भ भएकाले र कतिपय स्कूलहरूले समयसमयमा पत्रिका प्रकाशनमा निरन्तरता प्रदान गरेको कारण पत्रपत्रिका विकास हुने प्रक्रियालाई विस्तारित गर्नमा

ठूलो प्रेरणा मिल्यो। सञ्चारका अन्य माध्यमहरू आकाशवाणी, रेडियो तथा रासस जस्ता संस्थाहरूले पनि विचार वा समाचार ओहोरदोहोर गर्ने प्रक्रियालाई एक निश्चित स्तर तथा प्रक्रिया दिनेगरेको हुँदा पनि समाचारमूलक पत्रपत्रिकाहरू पढ्ने जनरुचि वढेको थियो। त्यसैकारण त्यसपछिका दिनहरूमा काठमाडौंबाट र भारतवाट पनि कतिपय नयाँनयाँ पत्रपत्रिकाहरूको ग्राहक वनी पत्रपत्रिका मगाई पढ्ने प्रवृत्तिले समाजमा व्यापक स्थान ओगटेको पाइन्छ। पत्रिकाहरूको सम्वाददाता हुने प्रचलन प्रारम्भ हुनुमा यसै प्रवृत्तिको प्रमुख हात रहेको देखिन आउँछ। हालसम्म जानकारी भएअनुसार काठमाडौंको पत्रिकाका सम्वाददाता भई काम गर्ने पहिलो व्यक्ति *अर्पण*का जितसिंह भण्डारी थिए। निजी क्षेत्रको पत्रपत्रिकाहरूको सम्वाददाता हुने प्रक्रिया पनि यसै वेलादेखि प्रारम्भ भएको मानिन्छ।

२०२७ सालतिर रामवहादुर चन्दको सम्पादनमा महाकाली अञ्चल समितिले *महाकाली सन्देश* नामक पत्रिकाको प्रकाशन महेन्द्रनगरवाट गरेपछि यस क्षेत्रमा पत्रपत्रिकाहरूको विकास हुनसक्ने थप सम्भावनाहरूले जन्म लियो। यसरी पत्रपत्रिकाहरूको विकास गरी पत्रकारितालाई स्थायित्व प्रदान गर्ने क्रममा क्षेत्रीय संलग्नताको अत्यधिक वृद्धि भइरहने प्रक्रियालाई वढाउनमा साहित्यिक पत्रपत्रिकाहरूको प्रकाशनले पनि सहयोग दिने गरेको कुरा एक अर्को महत्त्वपूर्ण पक्ष रहेको मान्नुपर्ने हुन्छ। यतातिरका साहित्यिक प्रतिभा तथा सङ्घसंस्थाहरूले साहित्य सिर्जना तथा पत्रिकाहरू प्रकाशनमा काशीनाथ तमोट र भाउपन्थीको *वृद्धि* प्रेमसिंह धामी, अर्जुन चन्दको *ह्याँक* तथा *रैवार,* देवीप्रसाद ओभाको *माध्यम,* वासुदेव भाइसाहवको *मालासिनी,* धनवहादुर शाहको *गोदावरी,* कैलाली जनपुस्तककालयको *मालिका,* भोजराज भट्टको *गोरा,* कर्मचारी मिलन केन्द्र डोटीको *डोटी दर्पण,* महेन्द्रनगरको *सद्भावना,* डडेलधुराको *मिलन* तथा कैलालीको *मिलनरश्मि,* महाकाली विद्यालय वेलौरीको *कञ्चन,* श्रीकृष्ण मा.वि. पाटनको *उद्यान,* यज्ञराजको *भूमिसन्देश,* विष्णुभक्त पौडेलको *पुनर्मिलन,* पुनर्वास मा.वि.को *सगुन,* सिद्धनाथ क्याम्पसको *अङ्कुर,* नेवि सङ्घ महेन्द्रनगरको *सङ्घर्ष,* महेन्द्र मा.वि. दार्चुलाको *उषा,* सिद्धनाथ वहुमुखी क्याम्पसको *अर्चना,* स्व. सागर चन्द सम्पादक भएको वीरेन्द्र मा.वि.को *वालदीपिका,* कैलाली वहुमुखी क्याम्पसको *सेती*को *सुसेली,* र यसरी नै यस क्षेत्रमा फैलिएका अनेक विद्यालय, स्वयं सेवीसंस्थाहरूले २०४६ सम्म प्रकाशित गर्ने गरेका अनेक मुखपत्रहरूको प्रकाशनले पत्रकारिता र साहित्यिक विकासलाई निरन्तरता प्रदान गर्नमा धेरै सहयोग पुऱ्याएको देखिन्छ। यी सवै प्रयासहरू संस्थागत परिपाटी निर्वाह गर्न वा व्यक्तिगत रुचिका आधारमा मात्रै कार्यान्वयन भएको हुँदा पत्रकारिताको व्यावसायिक स्वरूपलाई निर्धारण र प्रोत्साहित गर्नमा यिनको योगदान प्रत्यक्ष रूपले रहेको भनी भन्न सकिँदैन। पछिल्ला दिनहरूमा पत्रकारितालाई निजी क्षेत्रमा संलग्न गराउने र नाफा नोक्सानीको जोखिम उठाउने व्यक्ति भने यसै वातावरणवाट निस्केर आएका थिए। पत्रकारिताको विकासको यो दोस्रो चरणको अन्तिम समयमा व्यावसायिक पत्रकारिता, पत्रकारिता एवं प्रेस व्यवसायमा निजी क्षेत्रको संलग्नताको इतिहास प्रारम्भ भएको कुरा यस कथनलाई पुष्टि गर्न पर्याप्त हुनेछ।

यससन्दर्भमा महेन्द्रनगरमा कुनै प्रेस नभएकाले *महाकाली सन्देश*लाई भारतको पिलीभीतवाट छपाई प्रकाशित गर्ने वाध्यतासँग अनेक श्रमसाध्य पुनरावृत्ति, अनुभव, सम्पर्क, प्रोत्साहन तथा लाभहानिको आर्थिक समीकरणको वातावरण जोडिएको छ। फलस्वरूप यस पत्रिकाका सम्पादक रामवहादुर चन्दले २०३३ सालमा महेन्द्रनगरमा आफ्नै प्रेस राखी *वार्ता* नामक पत्रिका प्रकाशन प्रारम्भ गर्नुभयो। यसपछि यस क्षेत्रमा निजी लगानीवाट प्रेस र पत्रपत्रिका सञ्चालन गर्ने पहिलो र नयाँ अध्याय पत्रकारिताको इतिहासमा जोडिन पुग्यो। यसको लगत्तै *अर्पण* पत्रिकाका सम्वाददाता हुँदा हासिल गरेको ज्ञान, सीप, सम्पर्क, अनुभव र लाभका विभिन्न सूत्रहरू जोडी जितसिंह भण्डारीले २०३६ सालमा धनगढीवाट *खप्तडसन्देश* प्रकाशित गर्दा यस विकास प्रक्रियाको इतिहासलाई निरन्तरता दिने अर्को प्रयास भएको देखिन्छ। एकै व्यक्ति प्रकाशक, सम्पादक तथा प्रेस मालिक पनि भएको यी दुई साप्ताहिक पत्रिकाहरूको प्रकाशनले पत्रकारितालाई लाभदायक पेसाको रूपमा स्वीकार गर्न सकिने मनोवैज्ञानिक असर यहाँको समाजमा पारेको कुरालाई महत्त्वपूर्ण उपलव्धि मान्नुपर्दछ।

यसैक्रममा २०३७ सालतिर खडकवहादुर सिंह प्रकाशक, मोहनराज मल्ल व्यवस्थापक तथा शङ्करप्रसाद शर्मा सम्पादक भई धनगढीवाट *परिचर्चा* नामक साप्ताहिक पत्रिकाको प्रकाशन भएको थियो। व्यवस्थापनका सामूहिक उत्तरदायित्वद्वारा पत्रकारिता गरिने एक नयाँ प्रवृत्तिको यसले थालनी गऱ्यो। यसरी २०३९ सालमा अम्विकाप्रसाद अधिकारीले *मातृसन्देश* साप्ताहिक र धनवहादुर शाहले *सेती समाचार* धनगढीवाट प्रकाशित गरी *खप्तडसन्देश* र *वार्ता*को परम्परालाई अगाडि वढाउने जमर्कोलाई एक उल्लेखनीय प्रगति मानिन्छ। पछिल्ला दिनहरूका २०४३ सालदेखि यज्ञराज जोशीले महेन्द्रनगरवाट *महाकाली* साप्ताहिक प्रकाशित गरी निजी क्षेत्रमा व्यावसायिक पत्रकारिताको विंडो थामेका थिए। र २०४६ सालपछि प्रतिभावान युवा पत्रकारहरू चित्राङ्ग थापा, किशोर विष्ट र अन्य धेरैको सहयोगमा रमेश लेखकले यस पत्रिकालाई निरन्तरता दिई निष्पक्ष र स्तरीय पत्रकारिताको एक नमुना पेस गरेको वास्तविकताले पनि धेरै महत्त्व राख्दछ।

यसरी २०४६ सालसम्म निजी क्षेत्रको व्यावसायिक पत्रकारितामा एक व्यक्तिले मात्रै जोखिम लिने र व्यवसाय चलाउने गरेको देखिन्छ। तर व्यक्तिगत स्वार्थलाई हानि पुऱ्याउन सक्ने कुनै पनि तत्कालीन प्रशासनिक, राजनीतिक, आर्थिक र सामाजिक प्रतिवन्धहरूको विरोधमा यहाँको पत्रकारिताले आवाज उठाउन नसकेको तथ्यतर्फ हेर्दा यी सवै मानवीय कमजोरी र वाध्यताको कारणले हुने गरेको भन्नुपर्ने हुन्छ। यससन्दर्भमा यसै क्षेत्रका प्रसिद्ध राष्ट्रिय पत्रकार पदम ठकुराठीको सम्पर्कक्षेत्रले पनि महत्त्वपूर्ण भूमिका खेल्यो।

## सुदूरपश्चिमाञ्चलमा पत्रकारिताको विकास

पञ्चायती व्यवस्थाकालमा लागू भइरहेका केही प्रतिवन्धात्मक कानुनी प्रावधानहरूको कारणले अभिव्यक्ति स्वतन्त्रतामाथि लागेको संवैधानिक, प्रशासनिक र कानुनी अवरोधहरू २०४६ सालपछि एक्कासी खुल्न गएका थिए। यो खुला राजनीतिक वातावरणमा अभिव्यक्ति स्वतन्त्रताका सवैजसो माध्यमहरूलाई निर्भीकतापूर्वक प्रयोग

गर्ने अवसर राष्ट्रका सवै अङ्गहरूका लागि महत्त्वपूर्ण थियो। यस स्थितिमा पत्रकारिताको विकासका लागि केही पूर्वाधारहरू तयार भइसकेकाले गर्दा पत्रकारिताको पहुँच स्वतन्त्रतापूर्वक सामान्य जनजीवनसम्म तीव्रताकासाथ पुग्न सक्यो। मुख्य राष्ट्रिय उपलब्धिवाट यो क्षेत्र पनि लाभान्वित भयो। यसले गर्दा तुलनात्मक रूपले वढी साधन-स्रोत र अनुकूल भौगोलिक र सामाजिक वातावरणले सम्पन्न मानिने कैलाली, कञ्चनपुर वाहेकका अपेक्षाकृत कम विकसित मानिने अन्य पहाडी जिल्लाहरूमा पनि व्यावसायिक रूपले पत्रिकाको प्रकाशन हुने प्रवृत्तिको विकास भयो। यस क्रममा डडेलधुरावाट तेजवहादुर भण्डारीले २०४७ सालमा *जनमानस* र वैतडीवाट गङ्गादत्त पण्डितको सम्पादन र वीरवहादुर चन्दको व्यवस्थापनमा २०५१ सालको प्रारम्भतिर *ग्वाल्लेक*को प्रकाशन हुनुलाई मुख्य उदाहरणको रूपमा लिन सकिन्छ। यस भन्दा पहिले २०४९ सालमा दार्चुलावाट विक्रमसिंह धामी, गोपालदत्त जोशीले *जानकी* साप्ताहिक पत्रिका प्रकाशन गरी पत्रकारिताले भौगोलिक क्षेत्र विस्तार गरेको इतिहास पनि अविस्मरणीय थियो। पछि यस पत्रिकालाई केही प्राविधिक कठिनाइहरूका कारण *चौलाने* भनी नामकरण गरिएको पाइन्छ। यसरी सुदूरपश्चिममा तराईदेखि पहाडसम्म पत्रकारिताप्रति जनरुचि वढ्ने वातावरण वनेकोले नयाँपिँढीका पढेलेखेका नौजवानहरूले पनि अत्यधिक रुचिकासाथ पत्रकारिता पेसालाई निष्ठापूर्वक स्वीकार गर्नुलाई यतिवेलाको प्रमुख उपलब्धि मान्नुपर्ने कुरामा दुईमत हुँदैन।

पहिलेदेखि प्रेरणास्वरूप रहेका र अग्रजको भूमिका निर्वाह गरिरहेका पत्रिकाहरूले राजनीतिक आस्थाका आधारमा आफ्नो पहिचान निश्चित गर्ने गरेकोले स्वस्थ पत्रकारिताको लागि आवश्यक पर्ने वौद्धिक अभ्यास, कला, वृत्ति, जनसेवा तथा निष्पक्षताका उदाहरण र आदर्शहरू कतै पनि फेला नपर्नु यो वेलाको एक दुर्घटना नै थियो भन्ने कुरामा पत्रकारहरूको एकमत छ। यस सन्दर्भमा यस कालले सवै किसिमका पत्रकारहरूलाई सङ्गठित भई संस्थागत रूपमा आवद्ध रहने वातावरण भने निश्चित रूपले दिएको छ। पछिका दिनहरूमा यस क्षेत्रका विभिन्न स्थानहरूवाट प्रकाशित हुने गरेका पत्रपत्रिकाहरूले पत्रकारिताको मूल धर्मलाई व्यवसाय र राजनीतिको तुवाँलोमा धूमिल भई अपव्याख्या गरिने स्थितिमा पुऱ्याएको कारणले पत्रकारिताको विश्वसनीयता कम हुनुमा राजनीतिक प्रतिवद्धताको मूल हात रहेको देखिन्छ। यस क्रममा र यसै प्रवृत्तिमा महेन्द्रनगरवाट रामवहादुर चन्दले *जनवार्ता*, रामदत्त जोशीले *वार्ता*, कर्णदेव भट्टले *नयाँमुलुक*, हरिप्रसाद जोशीले *सार्थक*, तेजवहादुर भण्डारीले *जनमानस*, माधवसिंह धामीले *श्री नेपाल टाइम्स*, रमेश लेखक र यज्ञराज जोशीले *महाकाली* साप्ताहिक जस्ता पत्रिकाहरू प्रकाशन गरे। त्यस्तै खेम भण्डारीले *अभियान* तथा डी. आर. पन्तले *गुडमर्निङ* पत्रिकाहरू दैनिक रूपमा प्रकाशित गरी महेन्द्रनगरको पत्रकारितालाई सङ्ख्यात्मक रूपमा वृद्धि गर्नुका साथै पत्रकारिताको धर्मलाई मर्यादापूर्वक पालना गर्ने प्रयास गरेका छन्। यसरी नै धनगढीवाट अम्विकाप्रसादले *मातृसन्देश*, लीलानाथ ओझाले *सुदूर* साप्ताहिक, मनमोहन स्वाँरले

*आलोक*, जितसिंह भण्डारीले *खप्तडसन्देश* साप्ताहिक रूपमा र ऋषिराज लुम्सालीले *कुटियाङ्दी* दैनिक एक नमुना अङ्कसम्म प्रकाशित गरेका हुन्।

२०४६ सालपछि राष्ट्रको सवै अङ्गहरूमा राजनीतिक सङ्क्रमणवाट दलीय विषाणु पसेको वेला पनि पत्रकारिताको मूल धर्म निर्वाह गरी यसको स्वस्थ विकासमा माथि उल्लिखित व्यक्तिहरूको प्रतिवद्धतालाई महत्त्वपूर्ण मान्नुपर्छ। क्षेत्रीय भाषा, संस्कृति, साहित्य र समाजसेवाप्रति रुचि लिने व्यक्ति र संस्थाहरूले पनि पत्रपत्रिका वुलेटिनहरूको प्रकाशन गरिरहने परम्पराहरू सुदृढ र विस्तारित भइरहेकाले पनि पत्रकारिता व्यवसाय स्थायी हुँदै गइरहेको छ। यस क्रममा डोटियाली भाषामा पत्रिकाहरू निस्कने परम्पराको थालनी डा. टेकराज पन्तको *प्याउली*को प्रकाशनवाट देखिएको हो। यही भाषिक प्रकाशनलाई निरन्तरता दिन देवराज भट्टको *घुघुती* र वीरवहादुर चन्दको *गुगुल्डी*को प्रकाशनले थप सहयोग पुऱ्याएका छन्। साहित्य सङ्गमको *सङ्गम*, शारदा विद्यापीठको *मर्यादा*, कैलाली जनपुस्तकालयको *सुरभि*, त्रिपुरा युवा क्लवको *त्रिपुरा*, डा. देवीप्रसाद ओझाको सामाजिक विकास पत्रिका *झरो*, थारू मुक्तिसमाज कैलालीको *थारूमुक्ति* (थारू भाषामा), रेडक्रस वैतडीको *रेडक्रस*, महाकाली युवा क्लवको युथ लगायत विभिन्न स्कूल कलेज र अन्य व्यावसायिक सङ्घसंस्थाहरूवाट प्रकाशित भइरहने पत्रपत्रिकाहरूले पनि यस क्षेत्रमा पत्रकारिताको विकासलाई गति प्रदान गरिरहेका छन्। यसैवीच, डडेलधुरा, डोटी, वैतडी र धनगढीवाट पनि केही पत्रपत्रिकाहरू दर्ता भई प्रकाशनको लागि तयारी गरिरहेका हुनाले पत्रकारिताको क्षेत्र अझ वढी समृद्ध हुने आशा गरिएको छ।

प्रजातन्त्रको पुनर्वहालीपछि कञ्चनपुर जिल्ला र कैलाली जिल्लामा दर्ता भएका लगभग ६८ मध्येका १० जति पत्रिकाहरू साहित्यिक पत्रकारिताका उद्देश्यले दर्ता भएका छन्। विशेष गरेर यी साहित्यिक पत्रिकाहरूले साहित्य, संस्कृति, धर्म, भाषा, कला र इतिहासका विभिन्न पठनीय शोधपूर्ण सामग्रीहरू प्रकाशित गरेर पत्रिका विकासको स्थितिलाई सुधार गर्नमा गहकिलो योगदान दिएको देखिन्छ। त्यसैले सुदूरपश्चिमाञ्चल विकास, साहित्य र राजनीतिका अनेक पक्षहरूलाई उजागर गर्न, *मालासिनी, गुगुल्डी, विकास सङ्घ, सुरभि, जदौं, सुदूरपश्चिम दर्पण* आदि साहित्यिक पत्रिकाहरूले राम्रै अभ्यास गरे। पत्रकार र सम्पादकको रूपमा नाम कमाइसकेका *वार्ता* पत्रिकाका सम्पादक प्रकाशक रामवहादुर चन्दले २०४९ पुसवाट *जनवार्ता* अर्द्ध साप्ताहिक पत्रिकाको प्रकाशन र सम्पादन गर्न थाले। कञ्चनपुरवाट २०४३ सालपछि पत्रिका दर्ता गराउने उनी पहिलो व्यक्ति पनि भए। यसपछि तीन वर्षसम्म *महाकाली, वार्ता* र *जनवार्ता*ले मात्रै कञ्चनपुरको पत्रकारितालाई राजनीति, व्यवसाय र पत्रकारिताको क्षेत्रमा अभ्यासरत गराइरह्यो। यसपछि असारमा पुराना पत्रकार तेजवहादुर भण्डारीले *नयाँ मुलुक* साप्ताहिक दर्ता गराई सञ्चालन गरेको लगत्तै संयोग यस्तो पर्न गयो किं एकाएक नै कञ्चनपुर जिल्ला प्रशासन कार्यालयमा पत्रपत्रिकाहरू दर्ता गर्ने अभूतपूर्व क्रमको थालनी हुनपुग्यो। यस क्रममा २०५२ माघमा कर्णदिव भट्टले *श्री नयाँ मुलुक* साप्ताहिक र २०५३ भदौमा रूद्रराज पनेरूले *श्री नेपाल टाइम्स* साप्ताहिक दर्ता गरी प्रकाशित गर्न थाले। यसैवीच सुदूरपश्चिमको पत्रकारिताले नयाँ फड्को माऱ्यो र दैनिक अखवार निस्कने उत्साह थपियो।

२०५३ असोजमा दर्ता भई खेमवहादुर भण्डारीले *अभियान* दैनिकको प्रकाशन र अफसेट प्रेस सञ्चालन गर्न थाले। यतिवेला पत्रकारिताको क्षेत्र अत्याधिक प्रतिस्पर्धी, उत्साहित र व्यापक हुने लक्षणहरू देखिन थालेको थियो। २०५३ पुसमा हरिप्रसाद जोशीले *सार्थक* साप्ताहिक, २०५४ साउनमा गोविन्दराज पन्तले *गुडमर्निङ्ग* दैनिक र २०५४ चैत्रमा लोकेन्द्रप्रसाद लम्सालले *आभा* साप्ताहिक पत्रिका दर्ता गरी प्रकाशित गरेपछि युवाहरूको नयाँ जोसको क्रम वढेको देखियो। २०५५ जेठमा जितेन्द्र लेखकले *कञ्चन एक्सप्रेस* साप्ताहिक तथा तीर्थवहादुर विष्टले *निहारिका* साप्ताहिक प्रकाशन गर्ने स्वीकृति कञ्चनपुर जिल्ला प्रशासन कार्यालयवाट लिएपछि कञ्चनपुरमा मात्रै साप्ताहिक पत्रिकाहरूको सङ्ख्या ९, पहाडतर्फ प्रकाशित हुने पत्रिका सङ्ख्या ६ र धनगढीका १३ समेत सम्मिलित गरेर सुदूरपश्चिममा यतिवेलासम्म साप्ताहिक पत्रिकाहरूको सङ्ख्या २७ हुनुलाई यस कथनको प्रमुख उदाहरण मान्न सकिन्छ। २०५५ साउनमा दीपकप्रसाद भट्टले सम्पादक भै दर्ता गरेको *सुदूरपश्चिमाञ्चल तारा* साप्ताहिक, २०५५ कार्तिकमा पुष्पराज चटौत सम्पादक भएको *राष्ट्रदूत* दर्ता गराएको लगत्तै २०५५ माघमा कर्णदिव भट्टले दैनिक पत्रिकाको रूपमा *फारवेष्ट टाइम्स* दर्ता गराई प्रकाशित गरेपछि पत्रकारिताले पत्रपत्रिकाहरूको सङ्ख्यात्मक वृद्धिको हिसावले जनजीवनसँग निकटवाट परिचय गर्ने अवसर पाएको देखिन्छ। यो वीच साप्ताहिक प्रकाशन *महाकाली*ले पनि कञ्चनपुरमा दैनिक पत्रिकामा आफूलाई दर्ता गराएको थियो।

यो एक वर्षका अवधिवीच २०५५ जेठमा दीपकप्रसाद भट्टले *कालापानी सन्देश* साप्ताहिक, २०५६ असारमा प्रकाश ठकुरीले *आजको समाचार*, २०५६ साउनमा पञ्चमराज भट्टले डोटेली भाषाको दोस्रो पत्रिका *रामराज्य*, २०५६ असोजमा गोविन्दराज पन्तले *शुभप्रभात* साप्ताहिक, कृष्णदत्त भट्टले *जनसञ्चार* साप्ताहिक साथै २०५६ पुसमा नरेन्द्रसिंह विष्टले *रहस्य* (पछि *रहस्यदर्शी* भएको) साप्ताहिक पत्रिकाहरू दर्ता गराई पत्रकारिताको क्रमलाई निरन्तरता दिने प्रयास गरेको देखिन्छ। २०५७ कार्तिकमा *आजको समाचार*का सम्पादक प्रकाश ठकुरीले *प्रज्ज्वल* नामक वालपत्रिका दर्ता गराएर पत्रपत्रिका प्रकाशनको स्थिति निराशाजनक नरहेको कुराको सङ्केत दिएका थिए। यसैवीच २०५७ साउनमा पञ्चमराज भट्ट सम्पादक र वरिष्ठ पत्रकार रामवहादुर चन्द प्रकाशक भई *चुरे टाइम्स* दैनिक दर्ता भएको देखियो। *चुरे टाइम्स*को प्रकाशनपछि महेन्द्रनगरमा मात्रै प्रकाशित हुने दैनिक पत्रिकाहरूको सङ्ख्या ५ सम्म पुग्नुलाई सुदूरपश्चिमको पत्रकारिताको इतिहासले एक नाटकीय मोड लिई आफ्नो विकासको गतिलाई अत्याधिक तीव्र पारेको देखियो।

पाँचौं दैनिक पत्रिकाको रूपमा धनगढी र महेन्द्रनगरवाट प्रकाशित हुने उद्देश्यले २०५७ साउनमा *श्री नेपाल टाइम्स* दैनिकलाई प्रधान सम्पादक करुणाकर पाण्डेय र प्रकाशक/सम्पादक रूद्रराज पनेरूले दर्ता गराएपछि पत्रकारिताको क्षेत्रमा दुई जिल्लावाट एकै पत्रिका प्रकाशित हुने नयाँ परम्पराको पनि श्रीगणेश भयो। यसै पत्रिकाको वाहिरी पेजमा शीर्षकसँगै सेती महाकालीवाट प्रकाशित एक मात्र क्षेत्रीय दैनिक भनी छापिएकाले पनि यस उद्देश्यको पुष्टि गरेको पाइन्थ्यो। दैनिक

पत्रिकाहरू दर्ता हुने यस दौडमा साप्ताहिक पत्रिकाहरू पनि हाराहारी नै सम्मिलित भइरहेका उदाहरणस्वरूप दुई महिनाभित्रै २०५७ पुसमा प्रकाश ठकुरीले *सुदूर आवाज* साप्ताहिक, २०५७ माघमा खगेन्द्र जोशीले *नयाँ जनसन्देश* साप्ताहिक र २०५७ माघमा गोकर्ण भट्टले विकल्प साप्ताहिक दर्ता गराएर प्रकाशित गरेको पाइन्छ। कञ्चनपुरमा दर्ता भएका ३८ ओटा पत्रपत्रिकाहरू मध्ये पछिल्लो ५ ओटा प्रकाशनमा पत्रकारिताको विविधता देखिन्छ। मदनराज जोशीले *इ.एल.टी.न्युज लेटर* (अङ्ग्रेजी) द्वैमासिकको र अशोकविक्रम जैरूले साप्ताहिक *सहकर्मी*को प्रकाशन गरी दलित वर्गको हकहित संरक्षणका लागि आवाज उठाउने माध्यमको रूपमा टेवा पुऱ्याएको छ। साहित्यकर्मी कल्याण ओभ्आले *अभिवादन* साहित्यिक पत्रिकाको प्रकाशन गर्ने अनुमति लिएर साहित्यिक पत्रकारितालाई टेवा दिने जमर्को गरेको देखिन्छ। अनि गजेन्द्र शाहीको *नेपाल फारवेस्टर्न रिजन टुरिज्म वुलेटिन* द्वैमासिक अङ्ग्रेजी पत्रिकाको प्रकाशनले पर्यटन जस्तो महत्वपूर्ण क्षेत्रलाई पनि पत्रकारिताको माध्यमवाट विकसित हुनसक्ने अवसर दिएको देखिन आउँछ।

२०५८ पुस मसान्तसम्म सुदूरपश्चिमको पत्रकारिता जगतमा दर्ता भई प्रकाशित भएका पत्रपत्रिकाहरूको सङ्ख्या लगभग ८५ पुगेको छ। सङ्ख्यात्मक रूपले यत्तिका पत्रपत्रिकाहरू प्रकाशित हुनुले पत्रकारिताको विकासको लागि सन्तोषजनक वातावरण रहेको कुरा दर्शाउँछ।

मोफसलको पत्रकारिताको विकासलाई केन्द्रीकृत रहने पत्रकारिताको प्रवृत्तिले मुख्य अवरोध पार्ने गरेको भनिने विगतको इतिहासलाई दृष्टिगत गर्दा यी अवरोधहरू पनि पहिलेको तुलनामा हाल खुकुलो हुँदै गइरहेका छन्। पत्रकारिताको स्वस्थ विकास एवं पत्रकारहरूको हकहितका लागि कार्यरत पत्रकार महासङ्घ, प्रेस काउन्सिल र प्रेस इन्स्टिच्युटजस्ता साधन, स्रोत, अधिकार, शक्ति तथा पहुँच भएका संस्थाहरूले मोफलसको पत्रकारिताको विकासका लागि अहिले इमान्दारीपूर्वक अत्यधिक रुचि राखी अग्रसरता देखाउने गरेका छन्। यसले हालको स्थितिमा सुदूरपश्चिमको पत्रकारिताको विकासलाई प्रोत्साहित पारेको देखिन्छ। यस स्थितिलाई यस क्षेत्रमा पत्रकारिताको विकासको गतिलाई तीव्रता दिने महत्त्वपूर्ण चौथो चरणको पृष्ठभूमि मान्न सकिन्छ। चेतनशील वर्गले क्षेत्रीय जाति, भाषा, इतिहास, संस्कृति र साहित्यको विकासप्रति अत्यधिक रुचि लिई सक्रिय हुने प्रवृत्तिहरूले पनि यस स्थितिलाई अग्रसरता प्रदान गरिरहेको छ। निश्चित रूपमा यसले पत्रकारिताको भविष्यलाई सुरक्षित र सुनिश्चित गर्ने काममा मद्दत दिने देखिन्छ।

२०२८ सालपछि निजी व्यवसायी र व्यापारीहरूले प्रेस स्थापना गरी पत्रकारिताको विकासमा सहयोग पुऱ्याएपछि लगानीको दृष्टिकोणवाट पत्रकारितालाई व्यापारिक क्षेत्रमा पनि संलग्न हुने अवसर मिल्यो। अहिले डोटी, दार्चुला, डडेलधुरा, वैतडीमा लेटर प्रेसहरूले नै काम गरिरहेका छन् भने कैलाली-कञ्चनपुरतिर आधुनिक प्रविधिका प्रेसहरूले पनि व्यावसायिक प्रतिस्पर्धाका साथ पत्रकारिताको विकासमा अनुकूल वातावरण वनाउने कार्य गरिरहेका छन्। समग्रमा भन्ने हो भने यहाँको पत्रकारिताले विकास गर्ने अनुकूल पूर्वाधारहरू स्थानीय रूपमा विकसित हुँदै जानुलाई सन्तोषजनक मान्न सकिन्छ।

**समस्याहरू**

यस क्षेत्रको पत्रकारिताको इतिहासमा व्यावसायिक पत्रकारिताको समायोजन भएको तथ्य एकदम नयाँ नै छ। यसमा पनि यदाकदा या सर्वदा राजनीतिक दलहरूको प्रवक्ता जस्तै भइरहने गरेको देखिने पत्रकारिताका मुद्रित सामग्रीलाई आमजनताले सहज तथा विश्वसनीय ढङ्गले स्वीकार नगरेकाले पनि पत्रकारिताको व्यावसायिकताले विकसित हुने अनुकूलता प्राप्त गरिरहेको छैन। पत्रकारिताको विकास हुने पहिलो चरणका सबैजसो क्रियाकलापहरू बौद्धिक सौखको रूपमा लिइने परम्परा रहिरहेकोमा २०४६ सालभन्दा केही पहिलेको दोस्रो चरणमा व्यावसायिकताको मानसिकताले र २०४६ सालपछिको तेस्रो चरणमा राजनीतिक प्रतिवद्धताले यसलाई अत्यधिक प्रभाव पारेको छ। पत्रकारितालाई बौद्धिक, विश्वसनीय, सुरक्षित, लाभप्रद, सम्मानजनक र स्थायी वनाउन अहिलेको वातावरणले खास अनुकूल भूमिका निर्वाह गरिरहको पाइँदैन। पत्रिका दर्ता हुने, केही अङ्क निस्कने, वन्द हुने, फेरि चल्ने वा नयाँ दर्ता हुने वा नियमित रूपले नचल्ने, व्यावसायिकताको हिसावले घाटाको व्यवसाय मानिने, सूचनाहरूमा जनविश्वास नरहने, परस्परमा पत्रिकाहरूकै वीचवैमनस्यता र विवाद वढ्ने, मानहानिका मुद्दा खेपी अदालतवाट सजाय पाउनेजस्ता स्थापित परम्पराहरूको पुनरावृत्ति भइरहने क्रममा स्थायी सुधार भइरहेको देखिँदैन। यस दृष्टिकोणले हेर्दा पत्रकारिताभित्र धेरै समस्याहरू रहेका देखिने भए पनि मुख्य समस्याहरूलाई वर्गीकरण गर्दा केही समस्या आर्थिक, केही आचारसंहितासँग सम्वन्धित, केही व्यवस्थापनमुलक र केही राजनीतिक देखिने गर्दछन्। यी समस्याहरूलाई तपशीलमा लैजाँदा व्यवस्थामूलक समस्याहरू भित्र जनशक्तिको क्षमता, योग्यता, इच्छाशक्ति, नैतिकता पेसागत प्रतिवद्धताको स्थितिलाई हेर्नुपर्ने हुन्छ। २०४६ साल पछिका वर्षहरूमा यी सबै स्थितिहरू अनुकूल रहेको पाइँदैन।

यस्तै आर्थिक दृष्टिकोणले लगानीको अभाव पाइने हुँदा पत्रकारिताको विकासको लागि मात्रै छुट्टै पूँजी उपलव्ध नहुनु ठूलो समस्या हो। यसरी मूलरूपमा पत्रकारिताका समस्याहरू आर्थिक दृष्टिकोणले पूँजीको सरल उपलव्धतासँग, नैतिक दृष्टिकोणले कानुन, आचारसंहिता राजनीतिक प्रसङ्गसँग तथा व्यवस्थापनको दृष्टिकोणले क्षमता, योग्यता र प्रतिवद्धताको स्थितिसँग जोडिएका हुन्छन्। त्यसैले संक्षेपमा यिनको चर्चा गर्नु उपयुक्त हुन्छ।

विगतमा समाचार प्राप्तिका स्रोतहरूको कमी, प्राप्त हुने सामग्रीको विश्वसनीयताको समस्या, सञ्चारको कठिनाइ, ऐन-कानुनहरूको प्रतिकूलता, सेन्सरसिप र सङ्गठनशक्तिको कमी जस्ता मुख्य समस्याहरूवाट अहिलेको सुदूरपश्चिमको पत्रकारिताले केही हदसम्म मुक्ति पाउने लक्षण नदेखिएका होइनन्। तर पनि समस्याहरू त समस्या नै हुन्। राजनीतिक र व्यावसायिक स्वार्थको फ्रेमभित्र रही आफ्नो बौद्धिक, विश्वसनीय, कलात्मक र जनसेवी स्वरूप स्थापित गर्नुपर्ने चुनौती पत्रकारिताको सामुन्ने रहिरहेकै छ। सत्य समाचार दिने, स्वस्थ जनमत वनाउने, ज्ञानमा वृद्धि गराउने, मनोरञ्जन दिने र निष्पक्ष रही जनतालाई

सूचित गर्नेजस्ता उल्लेखनीय कामहरू गर्ने वातावरणको सृजना हालको स्थितिमा प्रमुख चुनौती बनेको छ।

यसरी समष्टिमा धेरै समस्याहरू रहेका भएपनि राजनीतिक परिस्थिति र आस्थाहरूले पत्रकारिताको स्वरूपलाई तलमाथि गर्ने स्थिति भने अहिलेको मुख्य समस्याको जरो हो। यस स्थितिमा व्यवसाय र राजनीतिले साँघुरिंदै गइरहेको पत्रकारिताको स्वरूपलाई आफ्नो मूल आकार भेट्टाउन धेरै मिहिनेत गर्नुपर्ने पनि भएको छ। पत्रकारिता जगतलाई आत्मनिर्भर बनाउनुपर्ने समस्यालाई दृष्टिगत गरी आचारसंहिताको पालना, योग्य र दक्ष जनशक्तिको संलग्नता तथा आधुनिक प्रविधिमा पूँजी विनियोजन गरी स्तरीय रुचिकर र विश्वसनीय पत्रकारितालाई प्रोत्साहित गर्ने उपाय हुनु जरूरी छ।

●